**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**

**आदेश**

०७७-WO-०१११९

**<u>मुद्दाः- उत्प्रेषणसमेत।</u>**

सागर पौड्याल समेत----------------------------------------------------- निवेदक

**<u>विरुद्ध</u>**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत------------------------------ विपक्षी

यसमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सागर पौडेल, श्री आदेश अधिकारी, श्री शुभाष पाठक, श्री कृष्ण पाल र श्री रक्षा सिंहले गर्नुभएको वहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेशको माग समेत गर्नुभएको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा ३५(१) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था भई सोको प्रचलनको प्रयोजनका लागि तत्काल मास्क र स्यानिटाइजरहरूलाई राष्ट्रिय निशुल्क स्वास्थ्य कार्यक्रममा राखी निशुल्क औषधीहरूको सूचीमा समावेश गरी विगतमा जस्तै महामारी नियन्त्रण र रोकथामका लागि आवश्यक नीति र निर्देशिका तयार गरी हरेक स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट निशुल्क मास्क वितरण गर्नू, गराउनू भनी परमादेशको आदेश जारी पाउ भनी रिट निवेदन जिकीर भई कानूनले प्रदान नै नगरेको अधिकार प्रयोग

गरी नेपाल प्रहरीले गैरकानूनी तवरले मास्क नलगाउने नगारिकलाई जरिवाना लिने र घन्टौसम्म होल्डिङ सेन्टरमा राख्ने कार्य नगर्नू नगराउनू भनी अन्तरिम आदेश समेत माग भएको देखियो। संविधानको उक्त धारा ३५ को व्यवस्था बमोजिम प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने सक्ने हक देखियो। साथैं, कोभिड जस्तो महामारीको समयमा मास्क लगाउनुपर्ने नागरिकको कर्तव्य समेत रहेको देखिन्छ। नेपालको संविधानको धारा ४८ ले संविधान र कानूनको पालना गर्नु नागरिकको कर्तव्य हुने गरी तोकिएको पनि छ। तथापि, विपन्न नागरिकहरूका लागि मास्कको सहज आपूर्ति तथा निशुल्क मास्क वितरण गरेको पनि देखिएन। यस्तो अवस्थामा मास्क नलगाउने नागरिकबाट राज्यले जरिवाना लिने गरेको देखियो भने निजहरूलाई होल्डिङ सेन्टरमा राख्ने कार्य समेत गरेको देखियो। यस्ता कार्यहरू नेपालको संविधान तथा संक्रामण रोग ऐन, २०२० को दफा ४ को व्यवस्था प्रतिकूल नेपाल प्रहरीले अनधिकृत रूपमा प्रयोग गरेको देखिंदा प्रस्तुत रिट निवेदनको टुंगो नलाग्दासम्म मास्क नलगाउने नागरिकलाई जरिवाना गर्ने र होल्डिङ सेन्टरमा राख्ने कार्यहरू तत्काल नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश समेत जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत् प्रत्यर्थीहरूलाई दिनू।

न्यायाधीश

इति सम्बत् २०७८ जेष्ठ ४ गते रोज ३ शुभम्.............................................।